**मिति २०७९ भाद्र १७ गते शुक्रबार (वि.सं.२०७९।५।१७) तुलसीपुर उपमहानगरपालिकाको तेश्रो कार्यपालिका बैठका निर्णयहरु :**

**निर्णय नं. १**

तुलसीपुर उपमहानगरपालिका क्षेत्रमा प्रभाह हुने प्रारम्भिक वातावरणीय परीक्षण सम्पन्न भएका नदी तथा खोलाहरुको घाट क्षेत्रबाट नदीजन्य पदार्थको ठेक्का ब्यवस्थापन द्धारा बिक्रि शुल्क उठाउन बिद्युतीय बोलपत्रको आवह्नन गर्न तपसिल बमोजिमका स्थानहरुको स्वीकृती दिने साथै वातावरणीय परीक्षण भएका र सम्बन्धीत स्थानका बासिन्दाहरुबाट ब्यापक बिरोध आएका क्षेत्रमा सम्बन्धीत वडाबाट भएको सिफारिस बमोजिम बिद्युतीय बोलपत्र आवह्नन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

तुलसीपुर उपमहानगरपालिका क्षेत्र भित्र बिज्ञापन कर उठाउन आ.ब.२०७७/०७८ मा बोलपत्र आवह्नन भई जेन्सन कन्ट्रक्शन एण्ड जेन्सन सप्लायर्स बाघचौर १० सल्यानलाई स्वीकृती प्रदान गरिएकोमा आ.ब. २०७८/०७९ मा पटक पटक पत्राचार गर्दा समेत ठेक्का नबिकरण गर्न ठेकेदा वा निजको प्रतिनिधि उपस्थित नभएको हूदा सो सम्बन्धमा धरौटी जफत तथा उक्त ठेक्का रद्द गरी अर्को ब्यवस्था गर्ने कानुनी ब्यवस्था भएकोले उक्त ठेक्का रद्द गरी न्युनतम रु १००००००(दश लाख मात्र) मुल्य कायम गरी ३ बर्षका लागि बार्षिक १० प्रतिशत भाडा बृद्धि गर्ने शर्तमा बिद्युतीय दरभाउपत्र आवह्नन गरी प्रकृया अधि बढाउने निर्णय गरियो ।

**निर्णय नं. ३**

तुलसीपुर उपमहानगरपालिकाको आर्थिक ऐन २०७९/०८० को ब्यवस्था अनुसार तुलसीपुर उपमहानगरपालिका क्षेत्र भित्र ऐलानी तथा प्रति जग्गाहरुमा बसोबास तथा उपभोग गर्दै आएका स्थानहरुमा यस उपमहानगरपालिकाबाट बाटो,बिजुलिबत्ति,खानेपानी,टेलिफोन,स्वास्थ्य,शिक्षा,शान्ति सुरक्षा लगायतका सेवाहरु उपलब्ध गराईएको र त्यस्ता जग्गामा बस्ने नागरिकहरुलाई नगरसेवा उपभोग कर लगाउन आवश्यक भएकोले क्षेत्रगत रुपमा करको दायरा निर्धारण गरी आगामी कार्यपालिका बैठकमा पेश गर्न सम्बन्धीत वडा कार्यालयहरुलाई जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं. ४**

तुलसीपुर उपमहानगरपालिकाको स्वामित्वमा रहेका जग्गाहरुमा अनाधिकृत रुपमा घरटहरा निर्माण गरी बसेको ब्यक्तिहरुको लागि ३५ दिने सार्बजनिक सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

टिकाराम खड्का
मेयर

मोहन पौडेल
प्रमुख प्रशासकीय अधिकृत

तुलसीपुर उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ
लुम्बिनी प्रदेश, नेपाल



(मिति २०७९।४।१३ गते दोश्रो का.पा.बैठकका निर्णयहरु)

**मिति २०७९ भाद्र १७ गते शुक्रबार (वि.सं.२०७९।५।१७) तुलसीपुर उपमहानगरपालिकाको तेश्रो कार्यपालिका बैठका निर्णयहरु :**

**निर्णय नं. ५**

तुलसीपुर उपमहानगरपालिका १२ स्थित सुमन एण्ड सुजिता कन्ट्रक्शन एण्ड सप्लायर्स प्रो शिबबहादुर बुढाथोकी,छत्रेश्वरी गगाउपालिका १ सल्यानको राडार बिल्डर्स एण्डकस्ट्रक्सन कम्पनी प्रा.लि. प्रो राजन केसी,तुलसीपुर उपमहानगरपालिका बडा नं. ९ को ट्रान्समिटर लाईन कन्ट्रयाक्टर प्रा.लि. प्रो. प्रेमबहादुर खत्री र तुलसीपुर उपमहानगरपालिका वडा नं. ९ को रेजल कन्ट्रक्सन एण्ड सप्लायर्स प्रो.भिम प्रकाश वली ले घ बर्गको निर्माण ईजाजत पत्र माग गरेकोले घ बर्गको ईजाजत सम्बन्धी कार्यबिधिको ब्यवस्था बमोजिम घ बर्गको निर्माण ईजाजत दिने निर्णय गरियो ।.

**निर्णय नं. ६**

तुलसीपुर उपमहानगरपालिका क्षेत्र भित्र हालैको बाढिले बिभिन्न स्थानमा पुऱ्याएको क्षेतिको रोकथामका लागि सम्बन्धीत वडाले लगत संकलन गरी उपमहानगरपालिकाको बिपद ब्यवस्थापन शाखामा पेश गर्ने, र बिपदजन्य क्षेतीमा उपमहानगरपालिकाबाट तत्काल रेश्पोन्स गर्ने साथै तारजाली खरिदका लागि चालु आ.ब.को बजेट बाट रु १०००००० ,(दशलाख मात्र) रकम बिनियोजन गर्ने निर्णय गरियो

**निर्णय नं. ७**

तुलसीपुर उपमहानगरपालिकाको सवारी साधन परिचालन तथा ब्यवस्थापन गर्न बनेको कार्यबिधि,२०७९ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

भूमिहिन दलित,भूमिहिन सुकुम्बासी र अब्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धी कार्यविधि,२०७८ को दफा ४ बमोजिम स्थानीय तह स्तरीय भूमिहीन तथा अब्यवस्थित बसोबासी ब्यवस्थान सहजिकरण समिति तपसिल बमोजिम गठन गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| क) श्री टिकाराम खडका | | संयोजक |
| ख) श्री स्यानी चौधरी | | उपसंयोजक |
| ग) राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दलका प्रतिनिधि | | सदस्य |
| घ)श्री यमुना परिया | कार्यपालिका सदस्य | सदस्य |
| ङ) श्री लक्ष्मण चौधरी | वडा अध्यक्ष | सदस्य |
| च) श्री प्रमुख प्रशासकीय अधिकृत | | सदस्य सचिव |





टिकाराम खड्का
मोहन पौडेल
तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय तुलसीपुर, दाङ लुम्बिनी प्रदेश, नेपाल २०७३

**मिति २०७९ भाद्र १७ गते शुक्रबार (वि.सं.२०७९।५।१७) तुलसीपुर उपमहानगरपालिकाको तेश्रो कार्यपालिका बैठका निर्णयहरु :**

**निर्णय नं. ९**

तपसिल बमोजिमका ब्यक्तिहरुलाई तुलसीपुर नगरबिकास समितिको सदस्य मनोनयन गर्ने निर्णय गरियो ।

**तपसिल**

| | |
|---|---|
| १. श्री प्रेमनाथ योगी | वडा अध्यक्ष वडा नं. १९ |
| २. श्री यमराज केसी | वडा अध्यक्ष वडा नं. १० |
| ३. श्री बसन्ता केसी | कार्यपालिका सदस्य |

**निर्णय नं. १०**

तुलसीपुर उपमहानगरपालिका नगर युवा परिषद संचालन कार्यबिधि,२०७८ बमोजिम तुलसीपुर १० बस्ने श्री रबिन्द्र डागीलाई नगर युवा परिषदको अध्यक्ष मनोनय गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

तुलसीपुर उपमहानगरपालिका वडा नं. ६ मा सञ्चालित तरकारी बजारको भाडा लगायत ब्यवस्थापनको अध्ययन गरी प्रतिवेदन पेश गर्ने गरी तपसिल बमोजिमको अध्ययन कार्यदल गठन गर्ने निर्णय गरियो ।

**तपसिल**

| | |
|---|---|
| १. श्री माधव वली | संयोजक |
| २. श्री दुजमान भण्डारी | सदस्य |
| ३.श्री भेषराज चन्द | सदस्य सचिव |

**निर्णय नं. १२**

तुलसीपुर उपमहानगरपालिकाको सरसफाई शाखामा कार्यरत नासु श्री खेमकान्त पाण्डेले संरसफाईको अतिरिक्ति समयमा कार्य गरेवापतको अतिरिक्त भत्ता माग गरेकोले जोखिमपूर्ण क्षेत्रमा कार्य गरेको र बढदो महंगी समेतलाई ध्यानमा राखी हाल प्राप्त गर्दै आएको साबिकको भत्तामा रु १५००।(एक हजार पांच सय मात्र) बृद्धि गर्ने साथै सरसफाई जस्तो जोखिमपूर्ण क्षेत्रमा कार्यरतर कर्मचारीहरुको बनोबल



टिकाराम खड्का
मेयर

मोहन पौडेल
प्रमुख प्रशासकीय अधिकृत

तुलसीपुर उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७३

बृद्धि गरी सेवामा प्रभावकारीता ल्याउने अभिप्रायले हाजिरि गरेका दिनको मात्र दैनिक रुपमा रु ५०।( पचास रुपैया मात्र) आजा खर्च एकमुष्ठ उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १३**

तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको मिति २०७९।३।२३ गते बसेको १३५ औं कार्यपालिका बैठकको निर्णय नं. ९ बाट गठित एम्बुलेन्स व्यवस्थापन कार्यदलको प्रतिवेदन स्वीकृत गर्दै अब उप्रान्त एम्बुलेन्सको, रेखदेख तथा व्यवस्थापन गर्ने जिम्मेवारी वडा नं. १३ का वडा अध्यक्ष श्री मोहनलाल पौडेललाई दिने निर्णय गरियो ।

**निर्णय नं १४**

२०७९ सालको तिजको अवसरमा तुलसीपुर ६ निवासी ४७ बर्षिय सिता भण्डारीको कुलोले बगाएर दुखद निधन भएकोमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै शोकाकुल परिवार हार्दिक श्राद्धान्जली ब्यक्त गर्ने निर्णय गरीयो ।

टिकाराम खड्का
मेयर

मोहन पौडेल
प्रमुख प्रशासकीय अधिकृत

तुलसीपुर उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७३